स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नयाँ वर्ष २०८२ को छेको पारेर चैत २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म "कर्मा"को पहिलो गीतको रूपमा "सारी लगाइदेऊ" सार्वजनिक गरिएको छ । सलिना बि.कको स्वर रहेको गीतमा भाष्कर स्वाँरको संगीत, सुष्मा सिग्देलको शब्द तथा भाष्कर स्वाँर र सुवास पौडेलको संगीत संयोजन छ । मौलिक नेपाली शब्द प्रयोग गरिएको उक्त गीतलाई रत्यौली संस्कृतिमा तयार पारिएको छ ।

**आजको विचार...**



शिवशंकर शर्मा

विषादी...
*(दुई पेजमा)*



नेपालमा मल्टीस्टारर फिल्म कमै बन्ने गरेका छन् । यसको पछाडि विभिन्न कारण छन् । सबैभन्दा ठूलो कारण कलाकारहरुबीचको "इगो"लाई मानिन्छ । यद्यपि, बेला बखतमा एउटै फिल्ममा "स्टार" कलाकारहरुको जमघट देखिने गरेको छ । पछिल्लो पटक "पूजार सार्की"मा त्यो देखिएको थियो । अब यही चैत २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म "पिताम्बर"मा पनि स्टारहरुको जत्था छ । कृषा चौलागाईंको निर्देशनमा बनेको यो एक्सनप्रधान फिल्ममा दयाहाङ राई, सौगात मल्ल, प्रदीप खड्का जस्ता नाम चलेका कलाकारहरुको अभिनय छ ।

❒ वर्ष ३० ❒ अंक २३७ ❒ २०८१ चैत १० गते आइतबार 23 March 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आक्रमणमा कम्तीमा ४४ जनाको मृत्यु



(रासस/एएफपी)

**नाइजरिया, चैत ९/** नाइजेरियामा आतङ्कवादीले गरेको आक्रमणमा परी ४४ जना सर्वसाधारणको मृत्यु भएको छ । आक्रमणबाट ज्यान गुमाएका व्यक्तिको सम्मान र परिवारप्रति समवेदना प्रकट गर्न नाइजर सरकारले शुक्रबारदेखि तीन दिने शोकको घोषणा गरेको छ ।

नाइजेरियाको आन्तरिक मन्त्रालयले राष्ट्रिय टेलिभिजन मार्फत कोकोरोको ग्रामीण सहरको फोनबिटामा रहेको मस्जिदमा भएको 'बर्बर' आक्रमणमा उनीहरुको मृत्यु भएको तथा अन्य १३ जना घाइते भएको जनाएको छ । मन्त्रालयका अनुसार मस्जिदमा प्रार्थनाको समयमा दिउँसोको समयमा आक्रमण भएको थियो । आतङ्ककारीहरूले मस्जिदलाई घेरी स्थानीय बजार तथा घरहरूमा समेत आगो लगाएको मन्त्रालयले जनाएको छ । सरकारले अपराधीहरूको खोजी गरी उनीहरूलाई कार्वाही गर्ने प्रतिवद्धता जनाएको छ । मन्त्रालयका अनुसार इस्लामिक स्टेट समूह र अल-कायदासँग सम्बद्ध समुहहरू वर्षौंदेखि सक्रिय रहेको बुर्किना फासो र मालीको सिमानाको नजिकको क्षेत्रमा आक्रमण भएको हो ।

# पाल्पामा अझै रोकिएन जातीय भेदभाव

***दलित समुदायबाट निर्वाचित जनप्रतिनिधिहरू नै विभेद र अन्यायविरुद्ध बोल्न सकेका छैनन् । विभेदविरुद्ध बोल्ने हिम्मत गरेर प्रहरीसम्म पुगेपनि अनेक लोभलालच, दवाब र प्रभावमा मुद्दा मिलापत्र भइरहेको छ । यस्तोमा गाउँको सामान्य दलित परिवारको मान्छेमाथि विभेद हुँदा उजुरी गर्ने हिम्मत समेत राख्न नसक्दा विभेद खेप्नु परेको छ ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा, चैत ९** /छुवाछूत मुक्त राष्ट्र घोषणा गरेको १८ वर्ष हुँदा पनि समाजमा अझैं जातीय विभेद हट्न सकेको छैन । घर गाउँ तथा सार्वजनिक सभा समारोहमै दलित समुदायका व्यक्तिहरु अपमानित हुनु परेको छ ।

व्यवस्थापिका संसदले २०६३ जेठ २१ मा मुलुकलाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरेको थियो । जातीय विभेद तथा छुवाछुत (कसुर र सजाय) ऐन पारित गरेर दण्ड सजायको व्यवस्था गरेपनि पाल्पामा अझैं जातीय विभेद हट्न सकेको छैन । तानसेन- ६ का बलबहादुर विक आफु दलित भएकै कारण अझै पनि आफूहरुले विभेद भोगिरहेको गुनासो गरे । माथिल्ला जातकाले छोइछिटो गर्ने, राज्यबाट पाउनुपर्ने सेवा-सुविधामा विभेद हुने, दलित भएकै कारण अपमान सहनुपर्नेलगायतका समस्या आफूहरुले भोगीरहेको उनको भनाई छ । अन्तरजातीय विवाह गरेकी बगनासकाली गाउँपालिका यम्घाकी शान्ता विकले धारामा पानी लिन जाँदा आफूमाथि विभेद हुने गरेको सुनाइन । 'म धारामा पानी लिन जाँदा कोही नजिक आउँदैनन्,' उहाँले भन्नुभयो 'फर्केपछि पखालेर धाराको पानी



भर्छन् ।' उनले अन्तरजातीय विवाहका कारण परिवारबाट अपहेलितको पीडा त एकातर्फ छँदैछ, त्यसमाथि समुदायबाट पनि आफूहरुमाथि विभेद भइरहेको बताइन् । यस समुदायका सर्वसाधारण मात्र होइन दलित समुदायबाट निर्वाचित जनप्रतिनिधिहरूले समेत विभेद खेप्नु परेको छ । ४ वर्ष अघि रिब्दीकोट गाउँपालिका-८ की तत्कालिन वडा सदस्य सुमित्रा नेपाली हिताङ्ग सार्वजनिक कार्यक्रमै अपमानित हुनु परेको घटना बाहिर आएको थियो । वडा कार्यालय भवन शिलान्यासका क्रममा टिका लगाइदिदा उहाँ अपमानित हुनु परेको थियो । कार्यक्रममा उपस्थित सबै अतिथिहरुलाई पुजारीले क्रमैसँग टीका लगाउँदै जाँदा सुमित्रालाई भुइमा टिका राखेर लगाउन लगाइएको थियो । सबैलाई टिका लगाउन भ्याउने पुरोहितले सुमित्रालाई जातीयताकै आधारमा टिका लगाउन नमानेपछि पिडितले न्यायिक समितिमा विभेद विरुद्ध न्यायका लागि गुहार्नु परेको थियो । न्यायिक समितिमा छलफलपछि पुरोहितले आफुबाट दलित जनप्रतिनिधिको मानसम्मानप्रति आँच आउने काम भएको स्वीकार गर्दै आगामी दिनमा छुवाछूतजन्य व्यवहार नगर्ने गरी माफी मागेपछि वडास्तरमा नै मिलापत्र गरी टुङ्गयाइएको थियो । यहाँ दलित समुदायबाट निर्वाचित जनप्रतिनिधिहरू नै विभेद र अन्यायविरुद्ध बोल्न सकेका छैनन् । विभेदविरुद्ध बोल्ने हिम्मत गरेर प्रहरीसम्म पुगेपनि अनेक लोभलालच, दवाब र प्रभावमा मुद्दा मिलापत्र भइरहेको छ । यस्तोमा गाउँको सामान्य दलित परिवारको मान्छेमाथि विभेद हुँदा उजुरी गर्ने हिम्मत समेत राख्न नसक्दा विभेद खेप्नु परेको छ । 'पहिलेको जस्तो अछुत भनेर गर्ने छोइछिटो त कमी भएको छ । तर जातीय भेदभाव झन् बढेर गएको महसुस हुन्छ,' दलित जनप्रतिनिधि समन्वय समिति पाल्पाका संयोजक दिनेश गन्धर्वले भन्छन्, 'दलित समुदायको सामान्य मान्छे होइन, गाउँका अगुवा र जनप्रतिनिधिहरूमाथि नै जातीय भेदभाव भइरहेको छ, तर उनीहरू समेत मुद्दा लिएर अदालतसम्म पुग्न सकेको अवस्था छैन, उनीहरुलाई दवाउने र त्यही मिलाउने गरिन्छ, यस्तोमा गाउँको सामान्य दलित परिवारको मान्छेमाथि विभेद हुँदा उजुरी गर्ने कसको हिम्मत ?' पछिल्लो समय जनप्रतिनिधिमाथि नै भएका विभेद र मिलापत्रमा टुंग्याइएका घटनाले पीडकहरूलाई प्रोत्साहन मिलेको उहाँको भनाई छ । 'विभेदको स्वरुप पहिलेभन्दा फेरिएको छ, पहिले सिधै डुमले छोएको खाँदैन भन्थे,' गन्धर्वले भने, 'अहिले सिधै तिमीले छोएको खाँदिन भन्दैनन् । बरु खान मन छैन भनेर हिड्छन् । पाइलैपिच्छे बहिष्कार र तिरस्कार छ । विभेदकारी सोच कायमै छ ।' स्थानीय सरकारले पूर्ण खोपयुक्त पालिका र वडा घोषणा गरेपनि छुवाछूत मुक्त वडा र पालिका घोषणा गर्न नसकेको उनको गुनासो छ । गन्धर्वले भने 'खुला दिसामुक्त जिल्ला घोषणा भइसक्यो तर समाजको कलङ्कका रुपमा रहेको जातीय विभेद मुक्त जिल्ला, नगर र गाउँपालिका घोषणा हुन सकेको छैन ।'

## मौसमी फ्लु रोकथामका उपाय

- बिरामी भएका व्यक्तिसँग भौतिक दूरी कायम गरौं,
- खोक्दा हाच्छिउँ गर्दा मुख र नाक छोपौं,
- शारीरिक रुपमा सक्रिय बनौं र पौष्टिक खाना खाऔं,
- बिरामी हुँदा सम्भव भएसम्म घरमै बसौं,
- समयसमयमा साबुनपानीले हात धुऔं,
- स्यानिटाइजरको प्रयोग गरौं,
- आँखा, नाक, मुख छोईरहने बानी नगरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# नारायणघाट- बुटवल सडक : पूर्वखण्डमा ४७ किलोमिटर कालोपत्र

**नवलपुर (नवलपरासी), चैत ९**/चार लेनमा विस्तार भइरहेको पूर्वपश्चिम राजमार्गको नारायणघाट-बुटवल खण्डअन्तर्गत ६५ किलोमिटर पूर्वखण्डमा ४७ किलोमिटर कालोपत्र भएको छ ।

नारायणघाट बुटवल सडक आयोजना (पूर्वखण्ड) कार्यालयका अनुसार हालसम्म यो बाटोमा ५८ दशमलव सात प्रतिशत भौतिक प्रगति भएको छ । गैँडाकोटतर्फ १६ किलोमिटर कालोपत्र पूरा गरी देवचुली नगरपालिकामा धमाधम कालोपत्र भइरहेको छ । यो खण्डमा २२ वटा साना पुल निर्माण भएका छन् । निर्माण पूरा भएका पुलमा लिङ्करोड निर्माण पूरा नभएकाले पुलबाट यातायातका साधन सञ्चालन हुन समय लाग्ने उक्त कार्यालयका सूचना अधिकारी शिव खनालले बताए । विनयी खोलाको पुल आगामी मनसुन अगाडि नै पूरा गर्ने लक्ष्यका साथ तीव्र गतिमा काम भइरहेको छ । केही हप्ता अगाडि अत्याधिक भारवहन गरेको



ट्रकका कारण पुलमा क्षति भएपछि पथान्तरण गरेर सवारीसाधन सञ्चालन भएका छन् । सडक विस्तारको ठेक्का पाएको निर्माण कम्पनी चाइना स्टेट कन्सट्रक्सन इञ्जिनियरिङका सहव्यवस्थापक राकेश झाले ४२ ठाउँमा सडक विस्तार जारी रहेको बताए । 'हामीले सडक विस्तारसँगै पुल निर्माणमा जनशक्ति केन्द्रित गरेका छौं', उनले भने, 'सडक कालोपत्र र पुल निर्माणसँगै कल्भर्ट, सब बेस, बेस, फिलिङ, ड्रेनेज, ग्याबीनलगायत ६५० भन्दा बढी कामदार परिचालन गरेर काम गरिरहेका छौं ।' आगामी वैशाखभित्रमा दुम्कीबाससम्म कालोपत्र गरिसक्ने लक्ष्य छ । 'दाउन्नेमा पूर्वीखण्डमा पर्ने सबैभन्दा कठिन ठाउँको डाँडाको भित्तो कटान पूरा भएको छ', उनले भने । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## मौसम विज्ञान दिवसको सान्दर्भिकता

**मौसमको फेरबदलमा बादलको महत्वलाई दर्साउँदै आज (२३ मार्च) मा विश्व मौसम विज्ञान दिवस मनाईंदै छ । सन् १९५० मा विश्व मौसम विज्ञान संगठनको स्थापना भएको दिनको सम्झनामा सन् १९६१ देखि हरेक वर्ष मौसम विज्ञान दिवस मनाउन थालिएको हो । पृथ्वीमा बसोबास गर्ने मानवका लागि यहाँको वायुमण्डल र महासागर साझा रुपमा रहेको छ । मौसम, हावापानी तथा जलचक्रलाई कुनै राष्ट्रिय वा राजनीतिक सीमाना थाहा हुँदैन । त्यसैले यसका लागि अन्तर्राष्ट्रिय सहकार्य आवश्यक हुन्छ । यो दर्शनले सन् १८७३ देखि विश्वको मौसम विज्ञान समुदायको कार्यलाई सञ्चालन गर्दै आएको छ । साथै वर्तमान र भविष्यका पुस्ताहरुका लागि समाजको सेवामा विज्ञानलाई रुपान्तरित गर्दा थप मार्गदर्शन गर्ने यसले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिन सकिन्छ । तर मानव जाती अहिले प्रविधि विकासको उच्च विन्दुमा रहे पनि त्यसको समुचित प्रयोग गर्न नजान्दा वा हेल्चेक्र्याइँ गर्दा अस्तित्व संकटमा परेको छ । साथै प्रविधि विकासमा अब्बल सावित भएका राष्ट्रहरू पनि वातावरणीय र पर्यावरणीय संरक्षणमा उदासीन हुँदा मानव जातीसँगै पृथ्वीकै अस्तित्व संकटमा परेको कुरा पछिल्लो समय वातावरणमा देखिएको अप्रत्यासित परिवर्तनले पुष्टि गरेको छ ।**

**हरितगृह ग्यास उत्सर्जनका कारण अहिले मौसम चरम अवस्थामा पुग्दैछ । महासागरमा गर्मी बढेको छ भने अधिक अम्लीयपन बढेको छ । समुद्रको स्तर बढेको छ, हिमनदी तथा हिउँ पक्लिनेक्रम बढेर गएको छ । मौसम परिवर्तनको दर तीव्ररुपमा बढ्दै गएको छ । यस अवस्थामा हरितगृह उत्सर्जनलाई न्यूनीकरण गर्न तथा यसलाई सुनिश्चित गर्न तत्काल प्रभावकारी कदम चाल्न सके मात्र हरेक वर्ष विश्व मौसम विज्ञान दिवस मनाउनुको सान्दर्भिकता रहन्छ । अन्यथा दिवस औपचारिकतामै सिमिति बन्न पुग्ने निश्चित छ ।**

## Opinion @ Social Network

हाम्रो देशमा दुईथरी मान्छे छन् - एक जो राजनीति गर्छ, अर्को जो राजनीति सहन्छ ।
*(सुनिल थारुको फेसबुक स्टाटस https://www.facebook.com/tharu.sunil)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विषादी मोहले कृषिमा हराएको सन्तुलन



**शिवशंकर शर्मा**

> *पहिले हाम्रो खेतहरू स्वच्छ माटो, शुद्ध पानी र स्वच्छ हावाको भरमा हराभरा हुन्थे । खेती केवल जीविकोपार्जनको माध्यम मात्र थिएन, यो हाम्रो जीवनशैली, पहिचान र प्रकृतिसँगको सम्मानजनक सम्बन्धको आधार थियो । तर केही दशकयता रासायनिक विषादीप्रतिको आकर्षणले कृषिको सन्तुलनलाई गम्भीर रूपमा खल्बल्याएको छ । किसानमा विषादीको मोह बढेसँगै हाम्रो परम्परा मात्र नभई हाम्रो स्वास्थ्य, वातावरण र भविष्यलाई समेत गम्भीर संकटमा पुऱ्याइरहेको छ ।*

नेपालको कृषि सधैं मानव र प्रकृतिबीचको गहिरो समन्वयको प्रतीक रहँदै आएको छ । हाम्रा पुर्खाहरूको सदियौँको ज्ञान, अथक परिश्रम र जमिनप्रतिको सम्मानले निर्माण गरिएको एउटा समृद्ध परम्परा हो ।

पहिले हाम्रो खेतहरू स्वच्छ माटो, शुद्ध पानी र स्वच्छ हावाको भरमा हराभरा हुन्थे । खेती केवल जीविकोपार्जनको माध्यम मात्र थिएन, यो हाम्रो जीवनशैली, पहिचान र प्रकृतिसँगको सम्मानजनक सम्बन्धको आधार थियो । तर केही दशकयता रासायनिक विषादीप्रतिको आकर्षणले कृषिको सन्तुलनलाई गम्भीर रूपमा खल्बल्याएको छ । किसानमा विषादीको मोह बढेसँगै हाम्रो परम्परा मात्र नभई हाम्रो स्वास्थ्य, वातावरण र भविष्यलाई समेत गम्भीर सङ्कटमा पुऱ्याइरहेको छ ।

### सङ्कटमा कृषि, जोखिममा स्वास्थ्य र वातावरण

शुरूमा उत्पादन बढाउनका लागि समाधानका रूपमा आएका विषादी केही समयका लागि किसानको साथी नै बने । तर यसलाई जति अपनाइयो, त्यसको असर त्यति नै गहिरो र चिन्ताजनक बन्दै गयो ।

विषादीको हरेक 'स्प्रे' का साथ बालीनालीलाई सुरक्षित राख्ने भ्रममा हामी रमायौँ तर यसभित्र लुकेको कठोर वास्तविकतालाई बेवास्ता गऱ्यौँ । हाम्रो खेतबारीमा प्रयोग हुने अत्यधिक र हिसाबकिताबविनाको विषादी प्रयोगले हाम्रो स्वास्थ्य, वातावरण र भविष्यलाई गम्भीर चुनौती दिइरहेको छ । माटो, पानी, हावा र भोजन जसलाई जीवनको आधार मानिन्छ, आज ती सबै मन्द विषले भरिएका छन् । यसले मानव सभ्यताको आधारभूत संरचनालाई नै सङ्कटमा पारिरहेको छ ।

कतिपयबाहेक धेरै किसानले विषादीलाई औषधिका रूपमा बुझ्ने गरेका छन् । तर वास्तवमा सबैले बुझ्न आवश्यक छ कि यो कुनै औषधि होइन, यो एक अत्यन्त खतरनाक र विषालु रसायन हो । यसको प्रयोगले हाम्रो शरीरमा थोरै वा धेरै तर गम्भीर परिणामहरू देखाइरहेको छ । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) का अनुसार विश्वमा हरेक वर्ष ३० लाखभन्दा धेरै मानिस विषादी विषाक्तताबाट प्रभावित हुन्छन् र दुई लाखभन्दा धेरैले ज्यान गुमाउने गरेका छन् । तर पनि अझै माटो, पानी र हाम्रा खाद्य पदार्थमा मिसिएको विषादी हाम्रो जीवनको एक अभिन्न अङ्ग बनिरहेको छ जसले कुनै न कुनै रूपमा हाम्रो स्वास्थ्यमा दीर्घकालीन असर पुऱ्याइरहेको छ ।

### नेपालको वर्तमान अवस्था

नेपालमा विषादीको शुरूवात सन् १९५० को दशकमा मलेरिया नियन्त्रणका लागि डीडीटीको प्रयोगबाट भएको थियो । तर अहिले विषादीको प्रयोग कृषि क्षेत्रको अभिन्न हिस्सा बनेको छ । प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रको तथ्याङ्क अनुसार सन् २०१३/१४ मा नेपालले ४ दशमलव ५ लाख किलो विषादी आयात गरेको थियो, यो मात्रा सन् २०२२/२३ सम्म वार्षिक झन्डै १२ लाख किलो पुगेको छ । यो वृद्धिबाट किसानमा बढ्दो विषादीप्रतिको निर्भरता स्पष्ट नै छ । नेपालमा विषादी आयातमा वार्षिक १ दशमलव ६ अर्ब रुपैयाँ खर्च भइरहेको छ । यो रकम विदेशबाट आयात गरिएका रसायनमा खर्च हुन्छ जसले देशको विदेशी मुद्रा निकासीलाई बढाएको छ । हामी रेमिट्यान्सबाट भित्रिने डलर आफ्ना परिवारलाई खुवाउन विष किन्नमा खर्च गर्दैछौँ । अर्कोतर्फ विषादी प्रयोगले स्वास्थ्यमा पर्ने असरका कारण उपचार खर्च पनि अत्यधिक बढाएको छ । विषादी प्रयोगबाट विषाक्त भएको खानाले स्वास्थ्यमा पर्ने नकारात्मक असरको आर्थिक भार हाम्रो अर्थतन्त्रले वहन गर्नुपर्ने चुनौती बनेको छ । शुरुआती समयमा कीटनाशकहरूलाई कृषिमा चमत्कारी समाधानका रूपमा लिइयो । तर समयसँगै यसको दुष्प्रभावहरू प्रष्ट भए । आज व्यावसायिक तरकारी खेतीमा ८२ प्रतिशतसम्म विषादीको अवशेष भेटिएको छ । यो मात्राको अवशेष मापदण्डभन्दा दुई गुणाभन्दा पनि बढी हो जसले विषादी प्रयोगको भयावह स्थिति झल्काउँछ ।

नेपालमा विभिन्न प्रकारका विषादीहरू प्रयोग गरिन्छ जसले तात्कालिक रूपमा उत्पादन वृद्धि गर्न सहायता गरे पनि दीर्घकालीन रूपमा कृषि प्रणालीलाई असन्तुलित बनाइरहेको छ । क्लोरपाइरिफोस, साइपरमेथ्रिन र इमिडाक्लोप्रिड जस्ता कीटनाशकहरू कीरा नियन्त्रणका लागि व्यापक रूपमा प्रयोग गरिन्छ भने म्याङ्कोजेब, कार्बेन्डाजिम र मेटालाक्सिल जस्ता फङ्गिसाइडहरू रोग नियन्त्रणका लागि अपनाइन्छ । यस्ता विषादीहरूको अत्यधिक प्रयोगले माटोको उर्वराशक्ति घटाउने मात्र नभई मानव स्वास्थ्यमा समेत गम्भीर नकारात्मक असर पार्ने गर्छ । विषादीको दीर्घकालीन प्रभावले क्यान्सर जस्ता घातक रोगहरू बढ्दै गएका छन् । व्यावसायिक तरकारी खेती गर्ने गाउँहरू अहिले क्यान्सर, मिर्गौलारोग जस्ता दीर्घरोगसँग जुझिरहेका छन् जसको उपचारमा आफ्नै खेतबारी समेत बेच्नुपर्ने अवस्था आइरहेको छ तर त्यसरी पनि बिरामी बाँच्ने सम्भावना निकै न्यून छ । नेपालमा दैनिक ४० जनाले क्यान्सरकै कारण ज्यान गुमाउने तथ्य हाम्रो खाद्य प्रणालीमा विषादीको भूमिकासँग प्रत्यक्ष रूपमा जोडिएको छ ।

### पर्यावरणमा असर

पर्यावरणको दृष्टिकोणबाट हेर्दा विषादीले हाम्रो रैथाने जीव, वातावरण, माटो र पानीलाई असर पार्दै जैविक विविधताको नाश पनि गरिरहेको छ । विषादीको प्रभावले केवल खेतीयोग्य जमिनको उर्बराशक्ति गुमेको छैन, माटोमा पाइने जैविक पदार्थ र सूक्ष्म जीवहरूको सङ्ख्या पनि खतरनाक रूपमा घटेको छ । तराई तथा काठमाण्डौ उपत्यका नजिकका धेरैजसो खेतबारीहरूमा माटोको जैविक पदार्थको मात्रा दुई प्रतिशतभन्दा तल झरेको तथ्याङ्कले देखाउँछ । केही क्षेत्रगत रूपमा गरिएका अध्ययनहरूमा जाँच गरेका नमुनाहरूमध्ये ६० प्रतिशत माटोमा विषादीको अवशेष भएको उल्लेख छ ।

माटोमा मात्रै होइन, पानीमा मिसिएको विषादीले पनि हामीलाई र हाम्रा पशुपक्षीलाई समेत प्रभावित गरिरहेको छ । यो विषादीको चक्र केवल कृषि क्षेत्रको समस्यामा सीमित छैन, यसले हाम्रो समग्र पारिस्थितिकीय चक्रलाई नै असन्तुलित गराइरहेको छ ।

### अब के गर्ने ?

हामीले वर्तमान कृषि प्रणालीको असन्तुलनको समाधानको खोजीमा एक महत्त्वपूर्ण कदम चाल्न आवश्यक छ । तीन तहका सरकार, किसान र सरोकारवाला निकायहरूले ध्यान पुऱ्याउनुपर्ने खाँचो छ । विषादीको प्रयोगलाई कडाइका साथ नियन्त्रण गर्नु र विषादीमुक्त खेतीको प्रवृत्तिलाई प्रोत्साहित गर्नुपर्छ । यस्ता विषादीमुक्त कृषि पद्धतिहरूमध्ये प्राकृतिक खेती एउटा प्रभावकारी र दिगो सम्भावनाको बाटो हो । प्राकृतिक खेतीले वर्तमान असन्तुलित कृषि प्रणालीलाई पुन: जीवन दिन सक्षम बनाउँछ । यो पद्धतिले हानिकारक रसायनहरूको प्रयोगलाई पूर्णरूपमा हटाउँदै खाद्य सुरक्षालाई सुधार गर्छ र आयातित कृषि रसायनहरूमा निर्भरता घटाउँछ ।

प्राकृतिक खेतीले बिरुवाको प्रतिरक्षा प्रणाली बलियो बनाउँछ जसले रोग र कीराको क्षति न्यून गर्ने मात्र नभई विभिन्न घरेलु उपायहरू प्रयोग गरेर रोगकीराको व्यवस्थापन गर्न सक्ने वातावरण पनि सिर्जना गर्छ । यसलाई अपनाउनु भनेको केवल कृषि पद्धतिमा परिवर्तन गर्नु मात्र नभई हाम्रो सोच, जीवनशैली र दृष्टिकोणमा सकारात्मक रूपान्तरण ल्याउनु हो । यदि हामी आजैदेखि प्रकृति र स्वास्थ्यलाई प्राथमिकता दिने निर्णय गर्छौँ भने भविष्यमा हामी सुरक्षित, सस्तो र स्वास्थ्यकर खाद्य उत्पादन सुनिश्चित गर्न सक्छौँ । सरकार र अन्य सरोकारवालाहरूले किसानलाई प्राकृतिक तथा जैविक खेतीतर्फ प्रोत्साहित गर्न विशेष रणनीति तथा कार्यक्रम सञ्चालन गर्नुपर्छ । विषादीमुक्त कृषि प्रणालीलाई प्राथमिकतामा राखेर किसानलाई आवश्यक तालिम, प्राविधिक सहायतार प्रोत्साहनको व्यवस्था गर्नुपर्छ ।

उपभोक्ता र किसानमा विषादीको प्रभावबारे जनचेतना फैलाउनुपर्छ । विषादीबाट किसान मात्रै होइन उपभोक्ता पनि उत्तिकै प्रभावित छन् । विषादीमुक्त उत्पादनका फाइदाबारे जागरूकता बढाउन विशेष अभियान सञ्चालन गर्नुपर्छ । विषादीमुक्त उत्पादनका लागि थोकबजार र आपूर्ति शृङ्खला विकास गर्नु आवश्यक छ । उपभोक्ताले विषादीमुक्त उत्पादनलाई प्राथमिकता दिने वातावरण सिर्जना गर्नुपर्छ । साथै जैविक विविधता संरक्षणका लागि अनुसन्धानलाई प्राथमिकता दिँदै वातावरणमैत्री कीट व्यवस्थापन प्रविधिको विकास र प्रयोगलाई प्रोत्साहित गर्नुपर्छ । विषादी मोहले कृषिमा हराएको सन्तुलनलाई पुनर्स्थापना गर्न सामूहिक प्रयास आवश्यक छ । किसान, उपभोक्ता र सरोकारवालाहरूले विषादीमुक्त कृषि प्रणालीको महत्त्वलाई आत्मसात् गर्दै प्रकृति र स्वास्थ्यलाई प्राथमिकतामा राख्नुपर्छ । परिवर्तन कहिल्यै सजिलो हुँदैन । तर यदि हामी आजैदेखि जिम्मेवार निर्णय गर्न थाल्छौँ भने हाम्रो भविष्य सुरक्षित, सस्तो र स्वास्थ्यकर खाद्यान्नले भरिपूर्ण हुनेछ । विषादीमुक्त कृषि प्रणाली अपनाउनु केवल कृषि पद्धतिमा सुधार मात्र होइन, यो हाम्रो जीवनशैली र सोचमा सकारात्मक रूपान्तरण ल्याउने अवसर पनि हो । त्यसैले अब समय आएको छ, हामीले विषादीको मोह त्यागेर प्राकृतिक खेतीतर्फ उन्मुख हुँदै दिगो कृषि प्रणालीको निर्माण गर्ने, यो अवसरलाई खेर फाल्नु हुँदैन ।

***(प्राकृतिक खेती प्रवर्द्धक शर्मा गुड नेवर्स इन्टरनेशनल नेपाल र एग्रिकल्चरल टेक्नोलोजी सेन्टरमा कृषि विज्ञका रूपमा कार्यरत हुनुहुन्छ ।)-उज्यालो खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : ठूला व्यक्तिहरूसँग राम्रो सम्बन्ध कायम हुनेछ। स्वास्थ्यमा ध्यान दिनुहोस्। | **तुला** : कला तथा साहित्यमा रुचि बढ्नेछ। पारिवारिक जीवन सन्तोषजनक रहनेछ। |
| **वृष** : आर्थिक क्षेत्रमा सुधार आउनेछ। परिवारसँग समय बिताउन पाउनेछ। | **वृश्चिक**: प्रेम सम्बन्धमा समस्या आउन सक्छ । नयाँ अवसरहरू प्राप्त हुनेछन्। |
| **मिथुन** : बौद्धिक कार्यमा सफलता मिल्नेछ। प्रेम जीवनमा सकारात्मकता आउनेछ । | **धनु** : पारिवारिक सुख मिल्नेछ। रोकिएका कामहरू सम्पादन हुनेछन् । |
| **कर्कट** : अध्ययन सम्बन्धी अवसरहरू आउन सक्छन्। स्वास्थ्यप्रति सतर्क रहनुहोस्। | **मकर** : धन आगमनको सम्भावना छ। आत्मविश्वासमा वृद्धि हुनेछ । |
| **सिंह** : भावनात्मक निर्णयले समस्या ल्याउन सक्छ। पुरानो ऋण तिर्न सकिनेछ। | **कुम्भ** : प्रेम सम्बन्धमा सुमधुरता आउनेछ। यात्राका लागि अनुकूल समय छ । |
| **कन्या** : व्यापारमा सफलता मिल्नेछ। नयाँ अवसरहरू प्राप्त हुनेछन् । | **मीन** : शुभ समाचार प्राप्त हुनेछ। स्वास्थ्यमा सुधार आउनेछ । |

# कृषि

## ‘सुपर जोन र जोन कार्यक्रम’ले बढायो उत्पादन

कैलालीमा गहुँको सुपर जोन र चैते धानको जोन कार्यक्रमले उत्पादन बढाएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सञ्चालित सुपर जोन र जोन कार्यक्रमले गहुँ र चैते धानको उत्पादन बढाएको हो ।

खेतमा फष्टाएको गहुँ बाली देखेर कैलारी गाउँपालिका-५ का किसान दीपक चौधरी खुशी हुनुहुन्छ । दीपकसहित यहाँका किसानले ‘सुपर जोन’ कार्यक्रममार्फत गहुँखेती गरिरहेका छन् । ‘सुपर जोन कार्यक्रममा समेटिएपछि पहिलेभन्दा गहुँको उत्पादकत्व वृद्धि भएको छ । करिब १५ बिघा जग्गा भाडामा लिएर गहुँखेती गरिरहेको छु’, चौधरीले भने, ‘पहिले प्रतिबिघा १२-१३ क्विन्टल गहुँ फल्नेमा सुपर जोन कार्यक्रममा समेटिएपछि २० क्विन्टलसम्म फल्न थालेको छ ।’ भजनी नगरपालिका-३ ढुसी गाउँका सीताराम चौधरी धानबालीमा सञ्चालित जोन कार्यक्रममार्फत चैते धानखेती गरिरहेका छन् । यहाँका किसानले करिब पाँच सय बिघामा यो धान रोप्ने तयारी गरिरहेका छन् । ‘सुरुका वर्षमा आफूले बीउ ल्याएर चैते धान रोप्दा गाउँलेले आफूलाई चैतमा पनि धान रोपेको भन्दै बौलाएको भन्थे । अहिले यहाँका अधिकांश किसानले यसको खेती गर्न थालेका छन्’, सीतारामले भने, ‘वैशाख र जेठमा चैते धानलाई मौसम अनुकूल हुने भएकाले वर्षे धानको तुलनामा उत्पादन बढी हुने गरेको छ ।” प्रतिबिघामा ४५ क्विन्टलसम्म चैते धान फल्ने अनुभव सुनाउँदै उहाँले गहुँको सुपर जोन र चैते धानको जोन कार्यक्रमले उत्पादन वृद्धि भएको बताए ।



भजनी क्षेत्रमा काँडा, पथरैया र कान्द्रा नदीले वर्षायाममा निम्त्याउने डुबानका कारण वर्षे धानबाली नष्ट हुने गरेको किसान बताउँछन् । डुबानको समस्या बढ्दै जान थालेपछि यहाँका किसानले विकल्पका रूपमा चैते धानखेती गर्न थालेका हुन् । ‘वर्षामा खेतमा डुङ्गा चलाउन मिल्ने गरी हुने डुबानको समस्याले वर्षे धान बाली नष्ट हुने गरेको छ”, सीतारामले भने, “वर्षामा हुने धानखेतीको विकल्पमा अधिकांश किसानले चैते धान लगाउन थालेका छन् ।’ किसानले डुबान नहुने समयमा चैते धानखेती गर्न थालेका बताउँदै उहाँले जोन कार्यक्रम सञ्चालन भएपछि किसान थप उत्साहित भएका उनको भनाइ छ ।

आर्थिक वर्ष २०७८/७९ देखि जिल्लामा चैते धानको जोन कार्यक्रम सुरु भएको थियो । भजनी नगरपालिकाभित्र सुरुमा पाँच सय हेक्टरमा खेती गरिएकामा हाल यसको क्षेत्रफल विस्तार गरी एक हजार हेक्टर पु¥याइएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यालयले जनाएको छ । परियोजना कार्यान्वयन इकाई धनगढीका प्रमुख गोविन्दराज जोशीले भजनी नगर क्षेत्र, जोशीपुर र जानकीनगर गाउँपालिकामा चैते धानअन्तर्गत ‘जोन कार्यक्रम’ कार्यान्वयन भइरहेको जानकारी दिए । उनका अनुसार गौरीगङ्गा, भजनी र घोडाघोडी नगरपालिका, बर्दगोरिया, जोशीपुर र जानकीनगर गाउँपालिकामा गहुँ बालीको ‘सुपर जोन कार्यक्रम’ सञ्चालन भइरहेको छ ।

गहुँ बालीको कार्यक्रमअन्तर्गत सुरुका वर्षमा एक हजार हेक्टर क्षेत्रफलमा खेती गरिएकामा हाल क्षेत्रफल विस्तार गरी तीन हजार हेक्टर पुर्‍याइएको जनाउँदै जोशीले जिल्लाको घोडाघोडी, भजनी नगरपालिका र बर्दगोरिया, जानकीनगर गाउँपालिकामा तेलहन जातको खेती भइरहेको उल्लेख गरे । चालु आवदेखि धनगढी उपमहानगर क्षेत्रका साथै घोडाघोडी, भजनी र कैलारी गाउँपालिका क्षेत्रमा ‘माछा जोन’ कार्यक्रम कार्यान्वयन गरिएको इकाई प्रमुख जोशीले जानकारी दिए । उजका अनुसार यो कार्यक्रमअन्तर्गत माछापालनमा सहभागी किसानलाई प्राकृतिक तालतलैयाको सुधार, आधुनिक यन्त्र तथा उपकरणको सुविधा, नयाँ पोखरी निर्माण, प्रविधिको व्यवस्थालगायत सहयोग उपलब्ध गराउँदै आइएको छ । कृषक समूह, सहकारी संस्था र कृषि उद्यमीमार्फत् सञ्चालन भइरहेको सुपर जोन र जोन कार्यक्रम कार्यान्वयनका लागि परियोजना कार्यालयले उन्नत जातका बीउ, मलखाद, सिँचाइ, कृषियन्त्र, माटो परीक्षण, प्रशोधन केन्द्र स्थापना तथा सञ्चालनलगायत सहयोग गरिरहेको प्रमुख जोशीले बताए ।

‘सुपर जोन र जोन कार्यक्रम कार्यान्वयनसँगै पहिलेको भन्दा बालीको उत्पादकत्व पनि वृद्धि भएको छ’, उनले भने ‘बालीका लागि उर्बर मानिने जग्गामा ती कार्यक्रम सञ्चालनका लागि छनोट गरी खेती गर्न किसानलाई उन्नत जातका बीउ, सिँचाइ, यन्त्रलगायत प्रविधिमा सहयोग उपलब्ध गराइरहेका छौँ ।’ कृषि प्रविधिको सुनिश्चिता, बजारीकरणको व्यवस्थाका साथै सहुलियत ऋण, कृषि बिमाको व्यवस्था हुनसके कार्यक्रम थप प्रभावकारी हुने इकाई प्रमुख जोशीको भनाइ छ । उनले भने, ‘कृषिमा अनुदान दिने गरेका छौँ, तर अनुदान नपाउने कृषकमा असन्तुष्टि देखिने गरेको छ । यसले कृषि प्रणालीमा प्रतिकूल असर पुगिरहेकाले सबैलाई अनुदान दिने व्यवस्था गर्नुपर्छ । यसमा सरोकार भएका निकायले आवश्यक समन्वय गर्नु जरुरी छ ।

नेपालमा परम्परागत रूपमा निर्वाहमुखी खेती गरिँदै आएकामा कृषिको उत्पादन वृद्धि गर्न आवश्यक प्रविधि तथा उत्पादन सामग्रीको बजारीकरण, बाली उत्पादनमा यन्त्रीकरण, प्रशोधन तथा बजारीकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्थासहित आधुनिकीकरण, व्यावसायीकरण गरी कृषि उपजको आयात घटाउँदै जाने उद्देश्यले सरकारले आव २०७३र७४ देखि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सञ्चालन गरेको हो । यो परियोजनाअन्तर्गत मुलुकका विभिन्न जिल्लामा विभिन्न बालीमा सुपर जोन र जोन कार्यक्रम सञ्चालन भइरहेका छन् । *-रासस*

## सात सय ५० किसानलाई कृषि सामग्री हस्तान्तरण



भोजपुरको पौवादुङमा गाउँपालिकाले सात सय ५० किसानलाई कृषि सामग्री वितरण गरेको छ । गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने लक्ष्यले यहाँका किसानलाई रु ५१ लाख बराबरको कृषि सामग्री वितरण गरिएको हो ।

गाउँपालिकाले किसानको मागको आधारमा ५० प्रतिशत अनुदानमा आवश्यक कृषि सामग्री वितरण गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिए। किसानलाई व्यावसायिक अकबरे खुर्सानीखेतीको लागि मल्चिङ प्लाष्टिक, प्लाष्टिक टनेल, हातेट्र्याक्टर, प्लाष्टिक पोखरी, स्प्रे गरी रु ५१ लाख बराबरको कृषि सामग्री हस्तान्तरण गरिएको प्रशासकीय अधिकृत भट्टराईले बताए।

“किसानलाई ५० प्रतिशत लागत साझेदारीमा कृषि सामग्री वितरण गरिरहेका छौँ”, प्रशासकीय अधिकृत भट्टराईले भने “पहिलो चरणमा रु ५१ लाख बराबरको कृषि सामग्री बोलपत्रमार्फत आह्वान गरेर वितरण थालेका छौँ । यो वर्ष करिब रु ७० लाख बराबरको सामग्री हस्तान्तरण गर्ने लक्ष्य छ ।”

किसानलाई एक हजार पाँच सय रोल मल्चिङ प्लाष्टिक, सात सय वटा टनेल प्लाष्टिक, ७८ वटा इलेक्ट्रिक स्पेरियर, १५ वटा हाते ट्र्याक्टर विरतण गरिने उनको भनाइ छ । किसानले गरिरहेको व्यवसायको आधारमा आवश्यक सहयोग गरिरहेको गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले बताए। किसानलाई व्यावसायिक बनाएर आर्थिक रुपमा सक्षम बनाउन ठूलो लगानीमा कृषि सामग्री वितरण गरिएको उपाध्यक्ष राईको भनाइ छ । “हामीले किसानलाई व्यावसायिक बन्न प्रोत्साहन गर्दै आएका छौँ”, उपाध्यक्ष राईले भने, “किसानलाई मागका आधारमा सहयोग गरेका हौँ । किसानलाई बर्सेनि आवश्यक कृषि सामग्री वितरण भइरहेको उपाध्यक्ष राईले बताए। यहाँको भूगोलअनुसार पकेट क्षेत्र निर्धारण गरेर कृषिमा योजनाबद्ध रुपमा लगानी गरिरहेको गाउँपालिकाले जनाएको छ । कृषिमा नमूना बनाउने लक्ष्यका साथ लगानी गरिरहेको गाउँपालिका अध्यक्ष किरण राईले बताए। यहाँको उत्पादित कृषिउपजको बजारीकरणमा गाउँपालिकाले भूमिका खेल्ने अध्यक्ष राईको भनाइ छ । “कृषि क्षेत्रको दिगो विकासबाट मात्र किसानलाई आर्थिक रुपमा सक्षम बनाउन सकिन्छ”, अध्यक्ष राईले भने, “हामीले कृषिको योजनाबद्ध विकासका लागि काम गरिरहेका छौँ । कृषिमा लगानी गरिएसँगै गाउँपालिकामा अकबरे खुर्सानीबाट मात्र करोडौँ आम्दानी भित्रने थालेको छ । गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने हाम्रो लक्ष्य छ । सोहीअनुसार किसानलाई प्रोत्साहन हुने खालका कार्यक्रममा जोड दिएका छौँ ।” गाउँपालिकाले कृषि सामग्रीसँगै अन्य सहयोग गरेपछि व्यावसायिक ढङ्गले कृषिमा लाग्न प्रोत्साहन मिलेको स्थानीय किसान टेकबहादुर थापाले बताए । विगतबाट नै गाउँपालिकाले किसानलाई आवश्यक सहयोग गरिरहेको उनको भनाइ छ । “गाउँपालिकाले गरेको सहयोगले कृषिमा लाग्न प्रोत्साहन मिलेको छ”, उनले भने, “विभिन्न समयमा गाउँपालिकाले कृषि सामग्री दिँदै आएको छ । यो पटक मैले एक रोल मल्चिङ प्लाष्टिक पाए । मल्चिङ गरेर व्यावसायिक रुपमा अकबरे खुर्सानीखेती गर्ने सोच छ ।” पौवादुङमा गाउँपालिकाले कृषकलाई प्रोत्साहन गर्न गरिरहेको काम प्रशंसायोग्य रहेको स्थानीय किसान बालकुमार खड्काले बताए । गाउँपालिकाको सहयोगले कृषिमा लाग्न थप टेवा पुगेको उनको भनाइ छ । “गाउँपालिकाले कृषिको क्षेत्रमा गरिरहेको काम राम्रो छ”, उनले भने, “विगतदेखि नै गाउँपालिकाले कृषकलाई सहयोग गर्दै आएको छ ।

*-डिसी नेपाल डटकम*

## बजारमा पाइन थाल्यो निगुरो, कति पर्छ किलोको ?

बजारमा निगुरो पाइन थालेको छ । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको तथ्यांकले यस्तो देखाएको हो ।

आजभोलि कालीमाटी बजारमा निगुरो प्रतिथोक मूल्य ५० देखि ६० रूपैयाँमा कारोबार भइरहेको छ । एक सातादेखि बजारमा निगुरो आउन सुरू भएको नेपाल फलफूल तथा तरकारी व्यवसायी संघ, काठमाडौंका पूर्व अध्यक्ष खोम प्रसाद घिमिरेले जानकारी दिए।

‘अहिले थोरै मात्रामा आइरहेको छ। अब विस्तारै निगुरोको आपूर्ति बढ्दै जान्छ,’ उनले भने । उनका अनुसार हाल कालीमाटी बजारमा निगुरो पूर्वी जिल्ला धरान, धनकुटा लगायतका क्षेत्रबाट आइहरेको छ । निगुरो किलोको हिसाबमा भन्दा धेरै



मुठाको हिसाबमा बिक्री भइरहेको उनी बताउँछन् । ‘किसानले मुठा बाधेर पठाएका हुन्छन्। त्यही भएर अधिकांशले मुठाकै मूल्य दिन्छन्,’ उनले भने।

अहिले बजारमा निगुरो प्रति मुठा थोक मूल्य २० देखि ३० रूपैयाँमा कारोबार भइरहेको छ । उपभोक्ताले भने ४० देखि ५० रूपैयाँसम्म तिरिरहेका छन् । निगुरोको मुख्य सिजन वैशाख-जेठ हो। त्यो समयमा भने मूल्य घट्ने उनको भनाइ छ ।

*-सेतोपाटि डटकम*


### डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

### गुल्मी दरबार गाउँपालिकाको अनुरोध

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौं ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।

| | | |
|---|---|---|
| भेषराज घिमिरे | तारा थापा ढेंगा | सरोजकुमार थापा |
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जीडाकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

### तानसेन नगरपालिकाको अनुरोध

- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।

| | | |
|---|---|---|
| पिताम्बर पाण्डे | प्रतिक्षा सिंजाली | सन्तोष लाल श्रेष्ठ |
| प्रमुख प्रशासकीय अधिकृत | उप-प्रमुख | नगर प्रमुख |

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# आज विश्व मौसम दिवस नेपालमा पनि मनाइँदै




**पाल्पा, चैत ९**/आज विश्व मौसम विज्ञान दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरेर मनाइँदैछ । हरेक वर्ष २३ मार्चमा मनाउने मौसम दिवसमा बढ्दो सहरीकरणका कारण वातावरण र मौसममा परेको प्रभाव तथा रोकथामका लागि विभिन्न चेतनामूलक कार्यक्रम हुँदै आएको छ । विश्व मौसम संगठनसम्बन्धी महासन्धि कार्यान्वयनमा आएपछि सन् १९५० देखि यो दिवस मनाउन थालिएको हो । जनसंख्या वृद्धिका कारण पृथ्वीको तापक्रम बढ्दो छ । र यसले वातावरण र मौसम नकरात्म प्रभाव पार्दै गएको छ ।

यस दिनले मानव समाजको सुरक्षा र कल्याणमा मौसम विज्ञान र जल विज्ञान सेवाहरूको योगदानलाई पनि प्रकाश पार्दछ । वातावरणको संरक्षण गर्दै शान्ति र विकासका लागि नवीनतम विज्ञान र प्रविधिको विकास गर्ने उद्देश्य यो दिवसको रहेको छ । शान्तिपूर्ण र दिगो समाजका लागि विज्ञानको भूमिकाबारे जनचेतना फैलाउँदै देशहरूबीच साझा विज्ञानको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय एकता बनाउन दिवसले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ ।

विश्व मौसम विज्ञान संगठनद्वारा संकलित तथ्याङ्क बिना, यो सही दैनिक मौसम पूर्वानुमान प्राप्त गर्न असम्भव हुनेछ । विश्व मौसम विज्ञान संगठनले मानिसहरूको सुरक्षा र कल्याणमा योगदान दिन महत्वपूर्ण भूमिका खेल्छ । यसरी वर्ल्ड मेटेरोलोजीकल अर्गनीजेशनले आ्नो डाटा मार्फत विश्वभरिका समुदायको सुरक्षा गरिरहेको हुन्छ । यसको काम खाद्य सुरक्षा, जलस्रोत र यातायात प्रदान गर्न महत्वपूर्ण छ । मौसम सम्बन्धी डाटाले हामीलाई मौसमको क्षति ट्र्याक गर्न, सम्पूर्ण दिनहरूको योजना बनाउन र प्राकृतिक प्रकोपहरूको बारेमा चेतावनी दिन मद्दत गर्दछ । यी नै डाटाको कारणले गर्दा मानिसहरूलाई बाहिर निकाल्न वा आवश्यक आँधीको तयारी गर्न पर्याप्त समय दिएर ठूलो आँधीको भविष्यवाणी गर्न पनि यसले मद्दत गर्दछ ।

मानव जाती अहिले प्रविधि विकासको उच्च विन्दुमा रहे पनि त्यसको समुचित प्रयोग गर्न नजान्दा वा हेल्चेक्रयाइँ गर्दा अस्तित्व संकटमा परेको छ । साथै प्रविधि विकासमा अब्बल सावित भएका राष्ट्रहरू पनि वातावरणीय र पर्यावरणीय संरक्षणमा उदासीन हुँदा मानव जातीसँगै पृथ्वीकै अस्तित्व संकटमा परेको कुरा पछिल्लो समय वातावरणमा देखिएको अप्रत्यासित परिवर्तनले पुष्टि गरेको छ ।

# आज राष्ट्रियसभाको बैठक बस्दै




**पाल्पा, चैत ९**/ संघीय संसद् अन्तर्गतको राष्ट्रियसभाको बैठक आज बस्दैछ ।सैंघीय संसद् सचिवालयले आइतबारका लागि तय भएको बैठकको सम्भावित कार्यसूची सार्वजनिक गरेको छ । सत्रौँ अधिवेशनको १६ औँ बैठक अपराह्न १२: १५ बजेका लागि बोलाइएको हो ।

सम्भावित दैनिक कार्यसूचीमा प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले प्रस्तुत गरेको 'प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रस्तावमाथि छलफल हुनेछ ।

त्यस्तै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त 'सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नेछन् ।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त तीनवटा विधेयकहरूमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नेछन् । ती विधेयकहरूमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१, निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ र आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने बनेको विधेयक, २०८१ छन् ।

## खेलकुद समाचार

# कोशीमाथि बागमतीको फराकिलो जित



**काठमाडौं, चैत ९**/स्पीनर सुर्य तामाङले ५ विकेट लिएपछि बागमती प्रदेशले प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा फराकिलो जित निकालेको छ ।

शनिबार देउखुरीमा भएको खेलमा बागमतीले कोशीलाई १३१ रनले हराएको हो । बागमतीले दिएको २४१ रनको लक्ष्य पछ्याएको कोशी २५.३ ओभरमा १०९ रनमा अलआउट भयो । आइस भट्टराईले ३७ तथा सुजन थपलियाले २५ र फिर्दोश अन्सारीले २४ रन बनाए । बागमतीका सुर्य तामाङले ९ ओभरमा २७ रन दिएर ५ विकेट लिए । रिजन ढकालले ३ तथा साकार गजुरलले २ विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको बागमतीले ४९.३ ओभरमा अलआउट हुँदै २४० रन बनाएको थियो । शुभ कंसाकारले ३९, आशुतोष घिरैयाले २९ तथा इशान पाण्डे र बिपिन आचार्यले समान २५ रन बनाए । रिजन ढकालले २२, सोनु देवकोटाले १८ र सुर्य तामाङले अविजित १७ रन बनाए । कोशीका सुजन थपलिया र प्रकाश कार्कीले २-२ तथा फिर्दोश अन्सारी, ज्ञानेन्द्र श्रेष्ठ र दिपेश कँडेलले १-१ विकेट लिए ।

## जलश्रोत मुहान दर्ता उपर दावी विरोध सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/१२/१०**

पाल्पाको तिनाउ गाउँपालिक वडा नं. ५ स्थित घुघुँराछाप सामुदायिक लिफ्टिङ खानेपानी तथा कृषि उपभोक्ता समितिले दिएको निवेदन अनुसार तपशिलको मूलदर्ता गरी पाउँ भनि पर्न आएको निवेदनको सम्बन्धमा तिनाउ गाउँपालिकाको जलश्रोत उपयोग तथा मुहान दर्ता कार्यबिधि २०७७ बमोजिम गठित स्थानीय जलश्रोत समितिको निर्णय अनुसार तपशिलको मुल दर्ताको प्रक्रियाको लागि तिनाउ गाउँपालिका जलश्रोत उपयोग तथा मूहान दर्ता कार्यविधि २०७७ को अनुसूची ५ बमोजिम विवरण खुल्न आएको निवेदन उपर दफा १२ बमोजिम जाँचबुझ गर्नका लागि दफा १३ बमोजिम ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपशिलको मुहान दर्ता गर्दा वा उपयोग गर्न दिदां सम्बन्धित वडावासी साथै सधियार, मठ मन्दिर विद्यालय तथा वातावरणलाई असर पर्छ पर्दैन यदी कोही कसैलाई असर परेमा यस सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र दावी विरोध ,राय सुझाव भए लिखित रुपमा पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ । तोकिएको सिमा भित्र कुनै दावी विरोध पर्न नआएमा नियमानुसार मुहान दर्ता भई जाने व्यहोरा जानकारी गराइन्छ ।

**तपशिल**

| सि | आवेदकको नाम | मुहानको नाम | ठेगाना | अध्यक्षको नाम | सम्पर्क नं. | कै. |
|---|---|---|---|---|---|---|
| १. | घुघुँराछाप सामुदायिक लिफ्टिङ खानेपानी तथा कृषि उपभोक्ता समिति | [illegible] को मुहान | तिनाउ- ५ | प्रेमबहादुर [illegible] | [illegible] | [illegible] |

## अर्थ/कर्पोरेट समाचार

# एक महिनामा बैंकहरुको २२ अर्ब ७४ करोड लगानी




**पाल्पा, चैत ९**/एक महिनामा २० वाणिज्य बैंकहरूले २२ अर्ब ७४ करोड रूपैयाँ कर्जा लगानी गरेका छन् । ति बैंकहरुले फागुनमा मात्र उक्त कर्जा लगानी गरेका हुन् ।

पाँच वाणिज्य बैंकको कर्जा लगानी घटेको छ भने चार वटाको एक अर्ब रूपैयाँभन्दा कम प्रवाह भएको छ । नेपाल बैंकर्स संघको तथ्यांकअनुसार ग्लोबल आइएमई, कुमारी, एनआइसी एसिया, सिद्धार्थ र स्ट्याण्डर्ड चार्टर्ड बैंकको कर्जा लगानी घटेको हो । माघको तुलनामा ग्लोबल आइएमई बैंकको कर्जा एक अर्ब ५१ करोड रूपैयाँले घटेर चार खर्ब २९ अर्बमा सीमित भएको छ । यस्तै, कुमारी बैंकको ४८ करोडले कर्जा लगानी रकम घटेर तीन खर्ब एक अर्बमा झरेको छ । एनआइसी एसियाको दुई अर्ब ५५ करोड रूपैयाँले कर्जा लगानी घटेर दुई अर्ब ४९ करोड रूपैयाँमा सीमित भएको छ । सिद्धार्थ बैंकको ९३ करोडले कर्जा लगानी घटेर दुई खर्ब १५ अर्ब रूपैयाँ र स्ट्याण्डर्ड चार्टर्ड बैंकको चार करोडले घटेर ८५ अर्ब रूपैयाँ भएको छ । हिमालयन, नेपाल इन्भेष्टमेण्ट मेगा, नेपाल एसबिआई र प्रभु बैंकको एक महिनामा कर्जा लगानी १९ करोडदेखि ३८ करोड रूपैयाँसम्मले बढेको छ । एक महिनामा सबैभन्दा धेरै कर्जा बढाउनेमा राष्ट्रिय वाणिज्य बैंक छ । यो बैंकको कर्जा लगानी पाँच अर्ब ६७ करोड रूपैयाँ पुगेको छ । गत असार मसान्तसम्ममा ४५ खर्ब ७१ अर्ब रुपैयाँ कर्जा लगानी गरेका वाणिज्य बैंकहरूले साउनदेखि फागुनसम्ममा ४८ खर्ब ५० अर्ब ५९ करोड रूपैयाँ पुऱ्याएका छन् । चालु आवमा सबैभन्दा धेरै कर्जा विस्तार पुसमा भएको छ । वाणिज्य बैंकहरूले पुसमा ९४ अर्ब रुपैयाँले कर्जा प्रवाह बढाएका छन् । साउनमा वाणिज्य बैंकहरूको कर्जा विस्तार दुई अर्ब रुपैयाँले बढेर ४५ खर्ब ७३ अर्ब पुगेको थियो । भदौमा कर्जा विस्तार बढ्ने क्रममा रह्यो । भदौमा ५३ अर्बले बढेर कर्जा विस्तार ४६ खर्ब २६ अर्ब रुपैयाँ पुगेको थियो ।

त्यसपछि चाडपर्वको समय असोजमा कर्जा विस्तार ५६ अर्बले बढेको थियो । असोजमा वाणिज्य बैंकहरूले ४६ खर्ब ८२ रुपैयाँ कर्जा विस्तार गर्न सकेकोमा कात्तिकमा २ अर्ब रुपैयाँले घट्न पुग्यो । कात्तिकमा कर्जा विस्तार घटेर ४६ खर्ब ८० अर्ब रुपैयाँमा संकुचित भएको थियो । मंसिरमा ४७ खर्ब २२ अर्ब रुपैयाँ पुगेको वाणिज्य बैंकहरूको कर्जा विस्तार पुसमा यो आर्थिक वर्षकै सबैभन्दा धेरै ९४ अर्ब रुपैयाँले बढेर ४८ खर्ब १६ अर्ब रुपैयाँ पुग्यो । माघमा ४८ खर्ब २७ अर्ब कर्जा लगानी पुगेकोमा फागुनमा ४८ खर्ब ५० अर्ब ५९ करोड रुपैयाँ पुगेको हो । पछिल्लो समय ब्याजदर घटेर निकै न्यून विन्दुमा झरिसकेको छ । चैतका लागि पनि बैंकहरूको ब्याजदर स्थिर नै छ । यसले कर्जा विस्तारका लागि अझै सहयोग पुग्ने बैंकरहरूको अपेक्षा छ ।


## डढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं

- सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

**त्यसैले डढेलोबाट जोगिन:**

- वन क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरू सुरक्षित रूपमा व्यवस्थापन गरौं,
- चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरूद्ध समुदायस्तरमा सचेतना फैलाऔं,
- वन संरक्षणमा योगदान दिऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई